का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ वैशाख २०७९,
शनिबार
30 April 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ८४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## आरोपले आनन्द !




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ वैशाख ।

स्थानीय तहको निर्वाचनका लागि घोषणापत्र सार्वजनिक गर्ने क्रम लगभग सकिएको छ । प्रमुख राजनीतिक दलहरु मध्ये नेकपा माओवादी केन्द्रले केन्द्रबाट घोषणापत्र सार्वजनिक नगर्ने नीति लिएको छ । माओवादी केन्द्रले स्थानीय तहमै घोषणापत्र सार्वजनिक गर्ने नीति लिएको छ ।

तसर्थ माओवादी केन्द्रको अन्य दलहरुलाई हेर्ने दृष्टिकोण सार्वजनिक हुन सकेन । तर नेकपा एमाले, नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा) देखि राप्रपा समेतले घोषणापत्र सार्वजनिक गरिसकेको छ ।

शुक्रबार लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को पनि घोषणापत्रमा सार्वजनिक भएको छ । लोसपाले पनि अन्य दलले जस्तै आफ्नो जनप्रतिनिधिले आगामी पाँच वर्षमा गर्ने कामबारे प्रतिबद्धता जनाइएको छ । सँगै, अन्य दल जस्तै प्रतिश्पर्धी राजनीतिक शक्तिप्रति चर्को आलोचना गरिएको छ । लोसपा कांग्रेसप्रति थोरै लचक देखिएको छ । 'नाम ठूलो, तर काम सानो' शीर्षकमा लोसपाले कांग्रेसबारे आफ्नो पार्टीको धारणा सार्वजनिक गरेको छ ।

> मतदातासँग प्रतिबद्धता जनाउन सार्वजनिक गरिनुपर्ने दलहरुको घोषणापत्र प्रतिश्पर्धी दलप्रति अर्को आलोचना गर्न खर्चिएको छ । तर अघिल्लो चुनावमा मतदातासँग गरिएको प्रतिबद्धताबारे भने आवश्यक चर्चा गरिएको छैन ।

'कांग्रेस एक जिम्मेवार राष्ट्रिय दलको भूमिकालाई बिर्सदै अत्यन्तै संकीर्ण, अनदारवादी र जातीय दलका रुपमा आफूलाई संकुचित गरेको छ', कांग्रेसलाई लोसपाले भनेको छ । लोसपाले कम्युनिष्टहरुलाई भने राष्ट्रिय विकासको तगारो भनिएको छ । 'कम्युनिष्ट पार्टीहरु राष्ट्रिय विकासमा तगारो हाल्ने सबैभन्दा अग्रणी संगठनहरु हुन्', घोषणापत्रमा भनिएको छ । लोसपाले सवै कम्युनिष्टलाई एउटै दृष्टिकोणले हेरेको छ ।

मधेश प्रदेशमा बलियो प्रभाव रहेको अर्को दल जसपाको पनि लोसपाले चर्को आलोचना गरेको छ । 'यो पार्टीले मधेशी, थारु, जनजाति र अन्य अल्पसंख्यकको मुद्दा त्याग गरेको मात्र नभएर समग्रमा मधेश-थरुहट आन्दोलनलाई अवमूल्यन गरेको छ', घोषणापत्रमा उल्लेख छ ।

प्रतिश्पर्धी दलहरुलाई आरोप लगाएर घोषणापत्र सार्वजनिक गर्नेमा कांग्रेस, एमाले लगायत पनि पछि परेको छैन । एमालेको घोषणापत्र माओवादी केन्द्र र एकीकृत समाजवादीप्रति बढी आक्रामक छ । कांग्रेस नेतृत्वको वर्तमान सरकारलाई एमालेले परमादेश सरकारको संज्ञा दिएको छ । विकास विरोधी र जनादेश विरोधी शक्तिको आरोप लगाएको छ ।

कतिसम्म भने वर्तमान सरकारलाई बाह्य शक्तिप्रति कटिबद्ध भएको गम्भीर आरोप लगाएको छ । माओवादी केन्द्र – बाँकी पृष्ठ २ मा




*मेयर उम्मेद्वारलाई फिर्ता गर्न भन्दै साँझ पाँच बजेपछि प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाले सर्लाहीको लालबन्दीमा पत्र पठाएपछि भएको तनाव । स्रोत : सामाजिक सञ्जाल*

### विद्रोही उम्मेद्वार

# निर्देशन भयो, फिर्ता भएन

सिन्धुपाल्चोकको सुनकोशी, बाजुराको बुढीनन्दा, प्युठानको झिमरुकमा एमाले- माओवादी तालमेल कायमै रह्यो । झापाको कचनकबल र रोल्पाको माडीमा एमाले-कांग्रेस तालमेल जिवितै छ । सिन्धुपाल्चोकको मेलम्चीमा कांग्रेस- राप्रपा, दमकमा गठबन्धन र राप्रपा तालमेल रह्यो । जबकी गठबन्धनबाहिर तालमेल गर्न नपाउने सत्ता गठबन्धनको निर्णय थियो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ वैशाख ।

पाँच दलीय सत्तागठबन्धनले शुक्रबार एकाबिहानै गठबन्धनको निर्णय विपरित स्थानीय तहको बिभिन्न पदमा उम्मेदवारी दिएका विद्रोही उम्मेदवार हरुलाई उम्मेदवारी फिर्ता लिन निर्देश गर्‍यो । प्रधानमन्त्री निवास वालुवाटारमा बसेको सत्तागठबन्धनका शीर्ष नेताहरु शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड, माधव कुमार नेपाल, उपेन्द्र यादव र दुर्गा पौडेल सहभागी बैठकले बागी उम्मेदवारी तत्कालन फिर्ता लिन नेता/कार्यकर्तालाई निर्देश गर्‍यो ।

केन्द्रबाट भएको सहमति विपरीत गठबन्धन दलबाट दर्ता भएका उम्मेदवारी फिर्ता नलिए सम्बन्धित दलले कारबाही गर्ने निर्णय पनि बैठकले गर्‍यो । साथसाथै पाँच दलीय गठबन्धनभन्दा बाहिर अन्य दलहरुसँग भएको तालमेल तत्काल खारेज गर्ने निर्णय पनि बैठकले गर्‍यो ।

तर, एकाबिहानै सत्तागठबन्धनको निर्णय पुर्णत कार्यान्वयन भएन । सत्तागठबन्धन बाहिर भएको तालमेल पनि कायमै रह्यो ।

बाजुराको बुढीनन्दा, प्युठानको झिमरुक, सिन्धुपाल्चोकको सुनकोशी लगायत केही पालिकामा एमाले- माओवादी तालमेल कायमै रह्यो । झापाको कचनकबल र रोल्पाको माडीमा एमाले-कांग्रेस तालमेल जिवितै छ। सिन्धुपाल्चोकको मेलम्चीमा कांग्रेस-राप्रपा तालमेल, दमकमा गठबन्धन र राप्रपा तालमेल रह्यो ।

जबकी आमरुपमा गठबन्धनबाहिर तालमेल गर्न नपाउने सत्तागठबन्धनको निर्णय छ । गठबन्धनका शीर्ष नेताहरुले भने जस्तो अधिकांश ठाउँमा बागी उम्मेदवार फिर्ता भएन ।

चितवनको भरतपुर महानगरपालिकामा गठबन्धनको भोट काट्न उठेका विद्रोही उम्मेदवार जगन्नाथ पौडलको मेयरमा दर्ता भएको उम्मेद्वारी भने फिर्ता भएन । कांग्रेसका असन्तुष्ट पक्षबाट पूर्वसांसद समेत रहेका नेता पौडलको मेयरमा उम्मेदवारी दिएपछि फिर्ता गराउन कांग्रेसका शीर्ष नेताहरु नै लागि परे ।

गृहमन्त्री बालकृष्ण खाँडदेखि माओवादी अध्यक्ष प्रचण्डको चितवन दौडधुप केहीदिन देखि चल्यो । बहालवाला अन्य मन्त्रीहरु पनि चितवन गए । तर, पौडलले उम्मेदवारी फिर्ता लिएनन् ।

उम्मेदवारी फिर्ता नलिएपछि पौडेललाई कांग्रेसले पार्टीबाटै निष्कासन गरेको छ । पौडेल जस्ता अन्य बरु बागी र विद्रोही उम्मेदवारहरुलाई दलहरुले पार्टीबाट निष्कासित गरे ।

#### थोरै सफलता

गठबन्धनमा रहेका दलहरुमा सबैभन्दा बढी कांग्रेसका स्थानीय नेता कार्यकर्ताले बागी उम्मेद्वारी दिएका छन् ।

नेताहरुका अनुसार दुई सय भन्दा बढी कांग्रेसका बागी उम्मेदवार देशभर छन् भने माओवादी केन्द्रको देशभर २० जना वरिपरी बागी उम्मेदवार छन् । बागी उम्मेदवारी फिर्ता गराउन केन्द्रीय नेतृत्वले गरेको प्रयास केही ठाउँमा भने सफल भएको छ ।

उम्मेदवारी फिर्ता लिने अन्तिम दिन १६ वैशाख २०७९ मा कांग्रेस केन्द्रीय कार्यालयबाट विज्ञप्ती निकालेर विद्रोही उम्मेदवारले उम्मेदवारी फिर्ता नलिए उम्मेदवार, नीजको प्रस्तावक र समर्थक पार्टीबाट स्वतः निष्काशित हुने निर्देशन जारी भएको थियो ।

शुक्रबार नै बसेको सत्तागठबन्धनको बैठकले गठबन्धनका उम्मेदवारविरुद्ध परेका बागी उम्मेदवारीलाई तत्काल फिर्ता गराउन निर्देशन दियो । केन्द्रीय नेताहरुको तारन्तनरको निर्देशनपछि सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिकामा माओवादी केन्द्रबाट बागी उम्मेदवारी दिएका अमानसिंह तामाङले उम्मेदवारी फिर्ता लिए ।

माओवादी केन्द्रले काठमाडौंको चन्द्रागिरि नगरपालिकाको मेयर र उपमेयर दुवै पदबाट उम्मेदवारी फिर्ता लियो । सत्तागठबन्धनको केन्द्रीय निर्देशनपछि मेयर उम्मेदवार दिलबहादुर श्रेष्ठ र उपमेयर उम्मेदवार रुपा महर्जनले उम्मेदवारी फिर्ता लिएका हुन् ।

जनता समाजवादी पार्टी (जसपा) बाट बुटवल उपमहानगरपालिकाको मेयर र उपमेयर पदमा – बाँकी पृष्ठ २ मा

## स्थापितको बचाउमा एमाले



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १६ वैशाख ।

नेकपा एमालेबाट काठमाडौं महानगरपालिकामा मेयर पदका उम्मेद्वार केशव स्थापित विवादित बनेका छन् । सामाजिक सञ्जालदेखि सञ्चारमाध्यममा समेत उनको अभिव्यक्तिको आलोचना भइरहेको छ । बिहीबार एक अन्तक्रियामा एक सहभागीले मिटुबारे प्रश्न सोध्दा अपशब्द प्रयोग गरेको भन्दै स्थापितको आलोचना भइरहेको छ ।

तर स्थापितको बचाउमा एमाले नेताहरु उत्रिएका छन् । एमालेका अध्यक्ष केपी ओलीले भने हल्का प्रतिक्रिया देखेर आफ्नो उम्मेदवारलाई बचाउन खोजेका छन् । 'मिटु कति बेला आउँछ भन्दा चुनावका बेला, चुनाव आयो कि मिटु आउँछ । यस्ता बेलामा चरित्र हत्याका कुरा आउँछन् । मिटुको के जवाफ हुन्छ ? हामी यस्ता कुरामा होइन, महान् विषयमा अगाडि बढेका छौं । महिला अस्मिताको सम्मानको सन्दर्भमा एमाले जति संवेदनशील अरू कोही छैन' अध्यक्ष ओलीले भने । तर, स्थापित माथि लागेको यौन दुराचारको आरोप ओलीले भनेझैं चुनावका बेला भन्दा पनि करिब चारवर्ष अघिबाट चलेको अभियान हो ।

तर, स्थापितको पतिक्रियाबारे महिलाअधिकारकर्मीले भने तीव्र आलोचना गरेका छन् । अधिकारकर्मी मोहना अन्सारी भने निर्वाचन आचारसंहिता लागेका समयमा समेत उम्मेदवारले महिलामाथि हिंसा गर्न खोजेको बताउँछिन् । 'मी टु को विषय कहिले उठान भयो र आज सम्म संचार माध्यम मा निरन्तर आई रहेको छ । निर्वाचन आचार संहिता उम्मेदवारलाई लागू हुदैन ? के बोल्नु हुन्छ के बोल्नु हुदैन भन्ने उम्मेदवारले हेक्का राख्नु पर्दैन ? संचारकर्मी पोल्टामा छन् भन्दैमा जे पनि छापिन्छ ?, अन्सारीले भनिन् । उनले महिलाको मुद्धाम अझैपनि समाज असंवेदनशिल भएको बताएका छिन् ।

समाजशास्त्री निर्मला ढकाल पनि आफ्ना पार्टीका नेताले गरेको गलत कदममा एमालेका नेतृहरु बोल्न नसकेको बताउँछिन् । 'हिजो सम्म मि टु अभियानमा साथ दिएर भाषण र क्लास लिदै हिंड्नुभएको केही थान दिज्युहरु अहिले खुलेरै आरोपितको पक्षमा भिड्न थाल्नुभएछ ठिकै हो मान्छे बन्नु र कार्यकर्ता बन्नुमा भिन्नता हुन्छ नै तर पनि लाज ढाक्न फरिया उचालेर मुख त नछोपेको भए हुन्थ्यो, ढकालले भनिन् । उनले महिला हिंसाको विरुद्धमा समेत बोल्न नसकेको भन्दै नेताकार्यकर्ताको आलोचना गरेकी हुन् ।

आलोचना तीव्र भएपछि स्थापितका समर्थकले भने निर्वाचन आयोगमा गएर उजुरी दिएका छन् । चरित्रहत्या भएको भन्दै नेकपा एमालेबाट काठमाडौं महानगरपालिकामा मेयरका लागि उम्मेदवारी दिएका केशव स्थापितको पक्षबाट निर्वाचन आयोगमा तीन वटा उजुरी दर्ता भएका हुन् ।

विभिन्न सञ्चारमाध्यममा आएका यौन दुर्व्यवहार आरोपका समाचार प्रकाशन – बाँकी पृष्ठ २ मा

### नेपाल र मलेसियाका श्रम मन्त्रीहरूबीच भेटवार्ता

# कामदार भर्नामा शून्य लागत तथा अन्य सुरक्षाबारे छलफल



**वैदेशिक रोजगार विशेष**

**काठमाडौं/रासस-** मलेसियाको भ्रमणमा रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले त्यहाँका मानव संशाधनमन्त्री दातुक सेरी एम सराभननसँग भेटवार्ता गरेका छन् । त्यस अवसरमा उनीहरूले नेपाल र मलेसियाबीचको मैत्रीपूर्ण सम्बन्धलाई नेपाली युवाको मलेसियाली श्रम बजारमा रहेको उपस्थितिले थप मजबुत बनाएकामा प्रसन्नता व्यक्त गर्दै पारस्परिक सम्बन्धलाई अझ सुदृढ एवं सुमधुर तुल्याउन आफूहरू प्रतिबद्ध रहेको बताए ।

दुवै पक्षले दुई देशबीच सन् २०१८ मा हस्ताक्षर भई हाल कार्यान्वयनमा रहेको द्विपक्षीय समझदारीपत्रलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, मलेसियाको श्रमबजारको आवश्यकता बमोजिम नेपाली युवालाई सीपयुक्त बनाई थप रोजगारीका अवसरहरू प्रदान गर्ने विषयमा छलफल गरेका छन् ।

रोजगारीको लागि युवाका छनोट तथा नियुक्तिलाई शून्य लागतसहितको स्वच्छ नियुक्तिको सिद्धान्तलाई थप प्रभावकारी बनाउने, मलेसियामा रोजगारीमा रहेका नेपाली नागरिकहरूको स्वास्थ्य, सामाजिक सुरक्षा र सामाजिक कल्याणलाई थप सवलीकरण गर्ने, चौबिसै घण्टा प्रभावकारी हुने बिमा सुविधाको व्यवस्था गर्नेबारेमा विचारविमर्श गरेको क्वालालम्पुरस्थित नेपाली दूतावासले जनाएको छ ।

नेपाली श्रमिकलाई आफ्ना अधिकार र आफूले पालना गर्नुपर्ने शर्त मलेसिया प्रवेश गर्नुअघि नै सचेत गराई कामको सिलसिलामा कुनै समस्या आइपरे तुरुन्त गुनासो गर्ने र प्राप्त गुनासाहरूको समयमै सम्बोधन गर्ने व्यवस्था मिलाउनेलगायत विषयमा पनि मन्त्रीद्वयबीच छलफल भएको थियो ।

मन्त्री श्रेष्ठले मलेसियाको निजी सुरक्षा गार्डकोरूपमा नेपाली युवालाई अवसर दिएकामा कृतज्ञता ज्ञापन गर्दै उनीहरूको आधारभूत तलब बढाउन, स्वास्थ्य उपचारमा विशेष ध्यान दिन, सामाजिक सुरक्षा र कल्याणका क्षेत्रमा सुविधा वृद्धि गर्न आग्रह गरेको पनि दूतावासले जनाएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
१७ वैशाख २०७९, शनिबार
30 April 2022, Saturday

आज मातातिर्थ औंशी

# आमाप्रति श्रद्धाभाव प्रकट गरी मनाइँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ वैशाख

आज मातातीर्थ औंशी । प्रत्येक वर्ष आमाप्रति श्रद्धाभाव प्रकट गर्दै मातातीर्थ औंशी मनाइने गरिन्छ ।

आजका दिन आफूलाई जन्म दिने आमाको मुख हेर्न छोराछोरी आमा भएको ठाउँमा गएर आफ्नो क्षमताअनुसार विभिन्न मिष्ठान्न खुवाउने र आमालाई विभिन्न उपहार दिने चलन छ ।

यस दिन आमा जीवित हुनेहरूले आमालाई मीठा-मीठा परिकार बनाएर खुवाउने, लुगाफाटो तथा अन्य विविध उपहार दिएर कृतज्ञता जाहेर गर्ने गर्दछन् भने आमा नहुनेहरू भने यस दिन काठमाडौं उपत्यकाको पशिचमतर्फ रहेको मातातीर्थ गई दिवङ्गत आमाको सम्झना गर्ने गर्दछन् ।

सृष्टिको प्रारम्भदेखि नै मातृ शक्तिको अत्यन्त महत्व रहेको बताउने नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्व अध्यक्ष प्रा.डा.रामचन्द्र गौतम मातातीर्थ औसी छोराछोरीले आमाको सम्झना एवम् सम्मान गर्ने दिन भएको बताउँछन् ।

मातातीर्थ कुण्डमा स्नान गरेपछि सन्तानले आफ्नो आमाको मुक्तिको



कामना गर्दै तर्पण दिन्छन् ।

उक्त कुण्डमा पवित्र मनका साथ हेर्दा आमाको स्वरूपको दर्शन पाइन्छ भन्ने जनविश्वास रहेको छ । त्यहाँ गएर दिवङ्गत आमाको सम्झना गरे छोराछोरीले आमालाई तिर्नुपर्ने ऋणबाट मुक्त हुने र आफ्नी आमालाई पनि मुक्त गराउन सक्ने धार्मिक मान्यता रहेको छ ।

स्वस्थानी व्रत कथाअनुसार यो तीर्थमा सतीदेवीको अङ्ग पतन भई मातुलेश्वर महादेवको उत्पत्ति भएको थियो । त्यसकारण पनि यस ठाउँमा आएर शास्त्रोक्त विधिपूर्वक गरिने कर्मकाण्डबाट मृत आमाले मोक्ष पाउने तथा उक्त कार्य गर्ने सन्तानले जीवनभर सुख सन्तोष पाउने विश्वास रहिआएको छ ।

अर्को किंवदन्तीअनुसार भगवान् विष्णुको सातौं अवतारका रूपमा मर्यादा पुरुषोत्तम श्रीराम वनवासका क्रममा घुम्दै यो ठाउँमा आइपुगेको समेत भनिन्छ । उनलाई अपरिचित र नौलो देखेर स्थानीय बासिन्दाले आक्रमण गरे ।

फलस्वरूप श्रीराम र उनीहरूबीच घमासान युद्ध भई दुवै पक्ष आकुलव्याकुल भए । त्यही बेला माता सीताजीलाई प्यास लाग्यो । पानी खोज्दै जाँदा कतै पानी नभेटिएकाले भगवान् श्रीरामले गङ्गामाताको स्तुति गर्दै जमिनमा वाण प्रहार गरेपछि वाण लागेको ठाउँमा पानीको कुण्ड बन्यो ।

त्यहाँ माता सीताजीले सारा ब्रह्माण्डको साक्षात् दर्शन पाइन् । ब्रह्माण्डको दर्शन पाउँदा उनको स्वरूप कुण्डमा रहेको ढुङ्गाको मूर्तिर्तकोरिन पुग्यो ।

अर्को किंवदन्तीअनुसार प्राचीनकालमा उक्त स्थानमा घना जङ्गल भएकाले गाई चराउन आएका गोठालाहरू कुण्डको नजिकै बसेर खाजा खाइरहेका थिए ।

एउटा गोठालोको मुखमा रोटी नपरी कुण्ड भएतिर मात्र जाँदो रहेछ । उसले त्यहाँ आमाको दर्शन पाएछ, तर घर फर्कने बेलामा गोठालोले एक्लै फर्कन नमानेको र आमासँगै जाने इच्छा राख्दा आमाले छोरालाई 'हामी मृत आमाहरूको दर्शन गर्न सधैं वैशाख औंसीको दिन यो तीर्थमा आउनू' भन्ने वाचाका साथ छोरालाई सम्झाइबुझाई फर्काइदिइन् ।

त्यसै समयदेखि नै यो तीर्थको नाम मातातीर्थ रहन गएको हो ।

# मालपोत अधिकृत झाविरुद्ध अदालतमा आरोप पत्र दायर

## ■ ५ लाख बिगो मागदाबी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ वैशाख ।




भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषाका निमित्त कार्यालय प्रमुख (मालपोत अधिकृत) सुनिल कुमार झाविरुद्ध विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर भएको छ ।

झाविरुद्ध ५ लाख बिगो मागदाबी गरिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रवक्ता श्याम प्रसाद भण्डारीका अनुसार मालपोत अधिकृत झालाई सेवाग्राहीबाट पाँच लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा गत चैत २८ गते नियन्त्रणमा लिएको थियो ।

जग्गा सम्बन्धी हक सफा मुद्दाको फैसला सुनाए वापत सेवाग्राहीसँग पाँच लाख रुपैयाँ घुस माग गरेको सूचनाका आधारमा आयोगको बर्दिवासबाट गएको टोलीले झालाई नियन्त्रणमा लिएको हो ।

मालपोत अधिकृत झालाई सेवाग्राहीबाट पाँच लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा गत चैत २८ गते नियन्त्रणमा लिइएको प्रवक्ता श्याम प्रसाद भण्डारी जानकारी दिए ।

नियन्त्रणमा लिएर अनुसन्धान गर्दा मालपोत अधिकृत झाले जग्गा सम्बन्धी हक सफा मुद्दामा फैसला गरिदिन्छु भनी सेवाग्राहीसँग घुस लिएको पुष्टि हुन भएको अख्तियारले जनाएको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसार कसुर गरेको भन्दै आयोगले झालाई बिगो पाँच लाख कायम गर्न मागदाबी गरेको छ ।

'...भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र ऐ.ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम जरिवाना र कैद सजाय हुन समेतको मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ' आयोगले विज्ञप्ति निकालेर जानकारी दिएको छ ।

# मन्त्री बडूसँग बङ्गलादेशका राजदूत चौधरीको भेट

काठमाडौं/मस- उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूसँग नेपालका लागि बङ्गलादेशका राजदूत सलाहुद्धीन नोमन चौधरीले शिष्टाचार भेटवार्ता गरेका छन् । मन्त्रालयमा शुक्रबार भएको भेटवार्तामा उनीहरूबीच दुई देशबीचको आपसी सम्बन्ध र सहकार्यका विविध विषयमा छलफल भएको मन्त्रीको सचिवालयले जनाएको छ ।

सो अवसरमा मन्त्री बडूले कोभिड-१९ महामारीमा बङ्गलादेशले स्वास्थ्य क्षेत्रमा गरेको सहयोगका लागि विशेष धन्यवाद व्यक्त गरेका थिए । यसप्रकारको सहयोगले दुई देशका सरकारबीच मात्र नभई जनस्तरमा सम्बन्ध प्रगाढ बनाउन सहयोग पुगेको बताउदै उहाँले द्विपक्षीय व्यापार र लगानी अभिवृद्धि गरी दुबै देशले अधिकतम् पारस्परिक लाभ उठाउनसक्ने विचार व्यक्त गरेका थिए । नेपाल र बङ्गलादेशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औं वर्ष प्रवेशको अवसरमा राजदूत चौधरीमार्फत बङ्गलादेश सरकार र त्यहाँका जनतालाई शुभकामना व्यक्त गर्दै मन्त्री बडूले आगामी दिनमा दुई देशबीच वाणिज्य, पर्यटन, ऊर्जालगायतका क्षेत्रमा थप सहकार्य हुने विश्वास व्यक्त गरे ।

यसैगरी राजदूत चौधरीले दुई देशबीचको सम्बन्धलाई ऊर्जा विकास, व्यापार सहजीकरण तथा पर्यटन प्रवर्द्धनका क्षेत्रमा सहकार्यमार्फत थप सुदृढ गर्न सकिने विचार व्यक्त गरेका थिए । उनले नेपाल-बङ्गलादेश बीचको व्यापार सम्झौताको छलफललाई अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याउँदै नेपाली वस्तुहरुको बङ्गलादेश निर्यातमा सहजीकरण गर्न बङ्गलादेश सरकार तत्पर रहेको उल्लेख गरे ।

राजदूत चौधरीले गत वर्ष नेपालका राष्ट्रपति विद्यादेवी भण्डारीको बङ्गलादेश भ्रमणका क्रममा भएका सम्झौता कार्यान्वयनका पक्षबारे चासो राख्दै ऊर्जा विकास, व्यापार, पर्यटनलगायत क्षेत्रमा बङ्गलादेशले नेपालमा लगानी गर्न चाहेकाले त्यसका लागि लगानीमैत्री वातावरण र लगानी सुरक्षाको विषयमा मन्त्री बडूबाट नेतृत्वदायी भूमिका निर्वाह हुने विश्वाससमेत व्यक्त गरे ।

# टिंकर भिरमा सडक बनाउँदै सेना

**काठमाडौं/मस-** नेपाली सेनाले दार्चुला-टिंकर सडक खण्ड निर्माणको काम अगाडि बढाएको छ ।

गएको २०७७ वैशाख १४ गतेको मन्त्रिपरिषद्को निर्णय बमोजिम दार्चुला-टिंकर सडक (कोठेधार-टिंकर खण्ड) को ७५ किलोमिटर सडक निर्माण कार्यको जिम्मेवारी नेपाली सेनालाई प्रदान गरिएको थियो ।

सोही अनुरुप २०७७ वैशाख २८ गतेबाट नेपाली सेना उक्त स्थानमा परिचालन भई आर्थिक वर्ष ०७७/७८ मा सुनसेरा तथा दुम्लिङ्गमा क्याम्प निर्माण गरी सडक निर्माण कार्य अगाडि बढाइरहेको छ ।

गत २०७८ माघ १७ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार तुषारपानी-कोठेधारसम्मको ४ किमी ट्र्याक निर्माण



कार्यको जिम्मेवारी समेत नेपाली सेनालाई दिइएको छ । सो खण्डको निर्माण कार्यसमेत सञ्चालन भइरहेको सेनाले जनाएको छ ।

सेनाका अनुसार सडक विभागबाट खोलिएको गल्थै, सुनसेरा-तुषारपानी (३ किमि सडक खण्ड २०७८ सालको वर्षाको कारण पहिरो गई क्षति भएकोमा उक्त सडक खण्ड मध्ये गल्थै देखि तुषारपानी खोलासम्म १.५ किमि ट्र्याक सडक विभागबाट पुनः खोलिएको थियो ।

बाँकी सडक खण्डको निर्माण कार्य स्थानीय बासिन्दाको विरोधका कारण अगाडी बढ्न नसकेको हुँदा, नेपाली सेनालाई जिम्मेवारी प्राप्त भएको सडक खण्ड निर्माण कार्यमा ढिलाई हुन नदिनको लागि, मिति २०७८र१२र१८ गते तुषारपानी खोलामा वैकल्पिक मार्गद्वारा नेपाली सेनाले पीसी२२० एक्साभेटर पुऱ्याएको थियो ।

लक्ष्य बमोजिमको प्रगति हासिल गराउनको निमित्त नेपाली सेनाद्वारा 'मल्टिपल एप्रोच' बाट 'पीसी १४० एक्साभेटर' तथा मध्यम उपकरणहरु तैनाथ गर्न आवश्यक देखिएकोले पूर्वस्वीकृत योजना अनुरुप मिति गत वर्ष वैशाख ८ गतेबाट ११ गतेसम्म 'पीसी १४० एक्साभेटर' मार्फत ३ गोटा कम्प्रेसर (तुषारपानी-कोठेधार-२, दुम्लिङ्ग-१) तथा २ गोटा एमआई-१७ हेलिकोप्टर' (माल-१, दुम्लिङ्ग-१) ढुवानी गरिएको नेपाली सेनाले जनाएको छ ।

# बेनीमा नि:शुल्क मुटुरोग शिविर

**गलेश्वर/मस-** म्याग्दीको सदरमुकाम बेनीमा दुई दिने नि:शुल्क मुटु परीक्षण स्वास्थ्य शिविर शुरु भएको छ । वरिष्ठ मुटुरोग विशेषज्ञ डा. अनिल भट्टराईको नेतृत्वमा काठमाडौँमा रहेको सेभ द हार्टको आयोजना, म्याग्दीको ओमकुमारी शान्ति कोष र म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) कतार तथा इशा फाउण्डेशनको सह-आयोजनामा गरिएको शिविरको शुक्रबार बेनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धोलकराज ढकालले उद्घाटन गरेका हुन् ।

कार्यक्रमका ढकालले मुटु शरीरको संवेदनशील अङ्ग भएकाले यसको सुरक्षा आवश्यक हुने बताए । उनले सरकारले जटिल रोगका बिरामीको उपचार नि:शुल्क गर्ने व्यवस्था गरे पनि रोगै लाग्न नदिन पूर्व सचेतनाका कार्यक्रम सञ्चालन नभएको बताए । रोग लागेर उपचार गर्नुभन्दा रोगै लाग्न नदिनु उत्तम हुने भएकाले समय समयमा आफ्नो स्वास्थ्य अवस्थाको परीक्षण गर्न आवश्यक रहेको उनले भनाइ थियो ।

कार्यक्रममा वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भट्टराईले सेभ द हार्टले देशव्यापीरूपमा शिविर सञ्चालन गर्दै आएको बताए । म्याग्दीसहित २३ जिल्लामा विभिन्न समयमा आयोजना गरिएका ९५ वटा शिविरमा हालसम्म करिब ९६ हजार मुटुरोगीको परीक्षण गरिएको डा. भट्टराईले बताए ।

उनका अनुसार शिविरमा हालसम्म करिब एक हजार ३०० बिरामीको ओपन हार्ट सर्जरी गरिएको छ भने बाँकी बिरामीले निरन्तर सम्पर्कमा रहेर मुटु जाँच गराइरहेका छन् । शनिबारसम्म सञ्चालन हुने शिविरमा मुटुको भिडियो एक्सरे, इसिजी गर्ने, नि:शुल्क औषधि वितरण तथा आवश्यक परामर्श दिइने छ । शल्यक्रिया गर्नुपर्नेलाई काठमाडौँ बोलाएर बिरामीको अवस्था हेरी नि:शुल्क शल्यक्रियासमेत गरिने डा. भट्टराईले बताए ।

शिविरमा मुटुरोगसम्बन्धी अनुभवी चिकित्सकको टिम खटिएकाले बिरामीका लागि शिविर लाभदायक हुने शिविरका संयोजक नेपाल पत्रकार महासङ्घ म्याग्दी शाखाका उपाध्यक्षसमेत रहनुभएका पत्रकार हरिकृष्ण गौतमले बताए । हालैमात्र आफ्नो सानो छोराको मुटुसम्बन्धी रोगको डा. भट्टराईकै टिमले सफल उपचार गरेकोमा धन्यवाद प्रकट गर्दै गौतमले जिल्लामा रहेका थुप्रै मुटु रोगीको सहजताका लागि सेभ द हार्टको टिमलाई अनुरोध गरेर बेनीमा शिविरको आयोजना गरिएको बताए ।

साथै उनले शिविरको सहआयोजक ओमकुमारी शान्ति कोषसमेतको बारेमा जानकारी गराएका थिए ।

विसं २०७१ मा स्थापना भएको कोषले हालसम्म २४९ बिरामीको उपचारमा सघाएको छ । रु एक करोड तीन लाखको अक्षयकोष रहेको कोषले आफ्नो ब्याज र अभियानबाट बिरामीको उपचार तथा विपतको समयमा हालसम्म रु दुई करोड ५३ लाख १९ हजार सहयोग गरेको गौतमले बताए ।

सेभ द हार्टका महासचिव शेरबहादुर रानाले शिविरमा आउने बिरामीको मुटुसम्बन्धी जटिल समस्या देखिएकालाई काठमाडौँ लगेर उपचार गराइने बताए । अति विपन्न परिवारका बिरामीलाई संस्थाको तर्फबाट आवश्यक आर्थिक सहयोगसहित उपचारको व्यवस्थापन गर्ने रानाको भनाइ छ ।

बेनी अस्पतालमा शुरु भएको शिविरमा मुटु परीक्षणका लागि म्याग्दीलगायत छिमेकी जिल्लाबाट पनि सयौँको संख्यामा बिरामी आएका छन । अस्पतालभित्र पाँच वटा ओपिडी कक्ष तयार गरी बिरामी परीक्षण गर्ने व्यवस्था मिलाइएको छ । शुक्रबार बिहानैदेखि बिरामी लाइनमा बसेका छन । शिविरमा डा भट्टराईको नेतृत्वमा करिब ४० जनाको टोली उपचारमा संलग्न छ ।

## तीस युनिट विद्युत महशुल नि:शुल्क हुने सङ्कल्प प्रस्ताव

**विराटनगर/मस-** आसन्न स्थानीय तहको निर्वाचनको सन्दर्भमा विराटनगर महानगरपालिकाका लागि नेपाली कांग्रेसका तर्फबाट भएका सबै पदका उम्मेद्वारले सामूहिकरूपमा सङ्कल्प लिएका छन् । विराटनगर महानगर समितिद्वारा आज यहाँ आयोजित 'स्थानीय तह सङ्कल्पपत्र घोषण कार्यक्रम-२०७९' सार्वजनिकीकरण समारोहमा उम्मेदवारहरुले सङ्कल्प लिएका हुन् । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं अर्थमन्त्री महेश आचार्य, केन्द्रीय सदस्य डा. डिला सङ्ग्रौला र विराटनगर महानगरपालिकाका पूर्वप्रमुख भीम पराजुलीको उपस्थितिमा भएको सो कार्यक्रममा महानगरका प्रमुख पदका उम्मेदवार नागेश कोइरालाले भ्रष्टाचारलाई शून्यमा ल्याउने प्रतिबद्धता व्यक्त गरे ।

उनले नगरलाई व्यवस्थित एवं सफा र हरियाली बनाउने, सीमान्तकृत नागरिकले उपभोग विद्युत् महशुलमा ३० युनिटलाई नि:शुल्क बनाउने र विराटनगर महानगर अस्पताल बनाई नागरिकको स्वास्थ्यमा विशेष योगदान दिने प्रतिबद्धता व्यक्त गरे । जम्मा ५९ वटा बुँदालाई समेटर बनाइएको सङ्कल्प प्रस्तावअनुसार काम भएमा विराटनगर देशकै एक नमूना सहर बत्रे विश्वास जनतामा जागेको देखिन्छ । एक नगरवासीले ३० युनिट खपत गर्ने परिवारलाई विद्युत् नि:शुल्क गर्ने प्रस्ताव हामी निमुखालाई निकै राहत पुग्ने बताए । उनले शिक्षा, स्वास्थ्य, रोजगार सिर्जना गर्ने जस्ता सङ्कल्पअनुसार काम भएमा नगरमा समृद्ध आउने कुरालाई कसैले पनि नकार्न नसकिने स्पष्ट पारे ।

# रोजगारीको लागि भारततिर

**महेन्द्रनगर/रासस-** निधारमा रातो टीका, पिठ्युमा झोला र साथमा तीन नाबालक छोरा/छोरीसहित बुधबार बेदकोट नगरपालिका-३ का बलदेन विक गड्डाचौकी नाकामा भेटिए ।



विगत आठ वर्षदेखि भारतको राजधानी दिल्लीस्थित कम्पनीमा मजदुरका रुपमा कार्यरत विक यसपटक भने दुई नाबालिका छोरी र एक छोरालाई पनि आफूसितै राख्ने र सके पढाइ गराउने योजनाका साथ दिल्ली हिँडेको सुनाए ।

'श्रीमती भारतमै छ, म यहाँ छोराछोरी लिएर उतै मजदुरी गरेर जीविका चलाउने योजनाले दिल्ली जान हिँडेको हुँ ।' विकले भने, 'आफू जन्मिएको माटो छोडेर अरुकोमा काम गर्न जानु बाध्यता हो ।' स्थानीय तहको निर्वाचनले मुलुक चुनावी माहोलमा तातेका बेला बढ्दो गर्मीलाई बेवास्ता गर्दै बलदेन जस्तै दैनिक सयौं नागरिक यतिबेला गड्डाचौकी नाकाबाट रोजगारीका लागि भारत पस्दै छन् ।

'चुनावी माहोल गाउँघरमा ताते पनि यहाँ पसेर पेट कसरी पाल्नु ?', भावुक हुँदै विकले भने, 'निर्वाचनमा घरमा बुढाआमा/बुवा छन् उहाँहरु भोट हाल्नुहुन्छ ।' कञ्चनपुरको गड्डाचौकी नाकाबाट सुदूरपश्चिम प्रदेशका मात्रै नभई अन्यत्र क्षेत्रका नागरिक पनि रोजगारीका लागि भारतका विभिन्न ठाउँमा दिनहुँ गइरहेका छन् ।

गड्डाचौकीबाट भारतको सिमला गइरहेका रोल्पा कुवाखोलाका ७० वर्षीय सितलाल पुन स्याउबारीमा काम गर्न आफू भारत जान लागेको बताए । 'चुनाव भए पनि आफ्नो अवस्था र नियतिले जीवनभर मजदुरी गरेरै यतिका वर्ष बिताए', पुनले भने, 'मुलुकमा जस्तो सुकै परिवर्तन आएपनि गरिबका दिनमा सुख कहिल्यै आएन ।'

उनले आफू चार दशकदेखि भारत रोजगारीका लागि जान थालेको बताए । उनले भने, 'विपन्न समुदायलाई अझै भोट माग्ने बेला मात्रै आश्वासन दिने त होलान नी ।' त्यस्तै गत वर्ष कोरोना कहरमा भारतमा रोजगारी छाडेर घर फर्किएका रोल्पाका २६ वर्षीय धमेन्द्र पुनले पनि निर्वाचनबारे थाहा भए पनि बाध्यताले छाडेर जानुपरेको बताए ।

'चुनावसम्म बसौं उता जागिर नै गुम्ने खतरा भयो', उनले भने, 'गाउँमा युवाको भावना बुझ्ने र रोजगारी सिर्जना गर्नसक्ने उम्मेदवार जितुन् हामी प्रदेशीको यही कामना छ ।' त्यसैगरी कञ्चनपुरको बेल्डाडीका २८ वर्षीय दीपेन्द्र थापा पनि रोजगारीको शिलशिलामा बुधबार दक्षिण भारतको यात्रामा निस्कदा गड्डाचौकीमै भेटिए ।

'दक्षिण भारतको तामिलाडु नौकरी गर्न थालेको छ वर्ष भयो', उनले भने, 'दुई महिनाअघि बिदामा आएको थिए फेरी जान लागे ।' उनले घर बिदामा बस्दा स्थानीय पालिकामा जनप्रतिनिधिले गाउँमा देखिने गरी विकास गरेको नपाएको बताए । 'चुनावका बेला मात्रै घरदैलोमा गफ दिने नेताको कामै छैन', थापाले भने, 'द्वन्द्वकालमा डरले बाहिरियौं अहिले बाध्यताले घर छाड्नुपरेको छ ।'

गड्डाचौकी नाकाबाट दक्षिण भारत, दिल्ली, सिमला, मुम्बै, देहरादुनलगायत क्षेत्रमा रोजगारीका लागि जाने बढी संख्यामा ओहोरदोहोर गरिरहेका हुन्छन् । पछिल्ला वर्षमा भारतको दिल्लीसम्म महेन्द्रनगरबाट नेपाली बस पनि सञ्चालनमा आएपछि यात्रुलाई सहज भएको छ । त्यसैगरी यहाँको बेदकोट नगरपालिका-६ मुसेपानीका २८ वर्षीय मिलनसिंह घटाल पनि निधारमा सेतो अक्षताले घरबाट भारतका लागि हिँड्दै गर्दा सिमानामा भेटिए । 'देहरादुनमा काम गर्न थालेको १० वर्ष भयो पछिल्ला वर्षमा स्काभेटर चालकका रुपमा कार्यरत छु,' घटालले भने, 'हामी विदेशिनेलाई चुनावको रौनकतामा रमाउनुको अर्थ नै छैन ।' इलाका प्रहरी कार्यालय गड्डाचौकीका प्रमुख प्रहरी नायब निरीक्षक बहादुर सिंह धामीले दैनिक २०० देखि ३०० नेपाली यहाँबाट रोजगारीका लागि भारत गइरहेको जानकारी दिए ।

### आरोपले ...

र एकीकृत समाजवादीकै कारण कम्युनिष्ट आन्दोलन, समृद्धिको सपना र मुलुकको विकास अवरुद्ध बनेको एमालेको आरोप छ । कांग्रेसले भने एमाले र माओवादी केन्द्रलाई अदालतको आदेशबाट जन्मिएको पार्टी भएको उल्लेख छ । कम्युनिष्टहरुले संविधान र व्यवस्था जोगिन नसक्ने कांग्रेसको निष्कर्ष छ । बितेको पाँच वर्ष कम्युनिष्टलाई भोट दिएकै कारण खेर गएको कांग्रेसको घोषणापत्रमा उल्लेख छ ।

कांग्रेसको घोषणापत्रपछि एमालेका नेताहरुको चर्को आपत्ति जनाएका थिए । अध्यक्ष ओलीले 'पागलपनको प्रलाप' भएको टिप्पणी गरेका थिए । लगत्तै कांग्रेस नेताहरुले पनि खण्डनमा अभिव्यक्ति दिइरहेका छन् ।

### विद्रोही...

उम्मेदवारी दिएका दुवै जनाले उम्मेदवारी फिर्ता लिए ।

५ दलीय गठबन्धनका उम्मेदवारलाई सघाउने गरी जसपाबाट मेयरमा उम्मेदवारी दिएका सुरज हितान मगर र उपमेयरमा उम्मेदवारी दिएका सम्झना पौडेलले मनोनयन फिर्ता गरेका हुन् ।

सत्ता गठबन्धनको निर्देशनपछि रुकुम पश्चिमको चौरजहारी नगरपालिकामा प्रमुख र उपप्रमुखको प्रतिस्पर्धाबाट एकीकृत समाजवादी पछि हटेको छ । नगर प्रमुखका उम्मेदवार पुस्तक चन्द र उपप्रमुखका उम्मेदवार सुशीला गिरीले आ-आफ्नो उम्मेद्वारी फिर्ता लिएका हुन् ।

लमजुङको दोर्दी गाउँपालिकामा सत्तारुढ गठबन्धनका उम्मेदवारलाई सघाउने भन्दै नेकपा एकीकृत समाजवादीले अध्यक्ष र उपाध्यक्ष दुवै पदबाट उम्मेदवारी फिर्ता लिए । एकीकृत समाजवादीबाट अध्यक्षका उम्मेदवार रनबहादुर घले र उपाध्यक्षकी उम्मेदवार उर्मिला कुँवरले उम्मेदवारी फिर्ता लिएका हुन् ।

### स्थापितको ...

गरी चरित्र हत्या गर्न खोजिएको भन्दै स्थापितको पक्षबाट उजुरी आएको आयोगले भनाई छ। उजुरी सम्बोधन गर्न प्रेस काउन्सिललाई छानबिनका लागि आयोगले निर्देशन समेत दिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०१/१७**

यस कम्पनीको मिति २०७८/१२/१७ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार यस क्लोथअस नेपाल प्रा. लि.(प्रा.लि. नं. २३९२४८) को साविकको अंग्रेजी नाम Scape Nepal Pvt. Ltd. लाई हाल Klothus Nepal Pvt. Ltd. कायम गर्ने निर्णय गरीएकोमा सो निर्णयलाई कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/१२/२० को निर्णयानुसार अभिलिखित तथा स्वीकृत भै सो बमोजिम कम्पनीको नाम परिवर्तन भएको व्यहोरा सम्बन्धीत सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

# विमानस्थलका सरसफाइकर्मीसमेत सुन तस्करीमा



**काठमाडौं/मस–** नेपालमा विभिन्न तरिका अपनाएर सुन तस्करी हुँदै आएको पाइएको छ। कतिले मलद्वारामा राखेर सुन तस्करी गरेका, कतिपयले फल्स बटम बनाइ तस्करी गरेका त कतिले पेटभित्र राखेर सुन तस्करी गरेका घटना यसअघि सार्वजनिक भएकै हो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका कर्मचारी नै सुन तस्करसँग मिलेमतो गरेका घटना पनि सार्वजनिक भएको थियो । तर यसपटक भने विमान सरसफाइकर्मीसमेत सुन तस्करीमा संलग्न भएको खुलेको छ।

उनीहरुमार्फत दुई किलो ३३२ ग्राम अवैधरुपमा ल्याइएको सुन भन्सार छलेर बाहिरिन लागेको थियो। त्यसको बजार मूल्य झण्डै दुई करोड रुपैयाँ हुन्छ । उनीहरु मतियारका रुपमा काम गरी विदेशबाट अवैधरुपमा ल्याइएको सुनलाई विमानस्थल कटाउने कार्यमा सरिक भएको पाइएको हो। सरसफाइकर्मी मतियारका रुपमा प्रयोग भएका छन्।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयअनुसार तस्करले विमानको सरसफाइकर्मी प्रयोग गरेर विमानस्थल सुन कटाउने प्रयास गरेका थिए। तर विमानस्थलका प्रहरीले त्यो प्रयासलाई असफल पारी पाँच जना पक्राउ गर्न सफल भएको छ।

सोही घटनामा संलग्न रहेको आरोपमा दुई विमान सरसफाइकर्मी र एक सुपरभाइजरसहित पाँच जनालाई बिहीबार पक्राउ गरिएको विमानस्थल सुरक्षा कार्यालका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए।

उक्त सुनकाण्डमा मुछिएका पाँचथरका २८ वर्षीय भीमकुमार माबो, नुवाकोटको तादीका २७ वर्षीय सुमन तामाङ, उदयपुरको लिम्चुङबुङ गाउँपालिका-२ का २८ वर्षीय राजेश राई, दोलखाको गौरीशंकर गाउँपालिका-२ घर भएका ट्याक्सी चालक हेमबहादुर थापा र सुनगाभा सप्लायर्स एण्ड सरसफाइ प्रालीमार्फत विमानभित्र सरसफाइ गर्ने/गराउने भनी सुपरभाइजरका रुपमा खटिएका सप्तरीका ३६ वर्षीय ताराकान्त चौधरीलाई पक्राउ गरिएको ढकालले जानकारी दिनुभयो। उनीहरु सबै सुन पास गर्न खटिएका थिए।

उक्त सुन विदेशबाटै विमानको शौचालयमा राखेर पठाइएको थियो। उक्त सूचना यहाँका सरसफाइकर्मीमा प्राप्त भएपछि सेटिङ गरेर पास गर्न लागिएको थियो । सोही सिसीलामा भित्रबाट पास गर्न सरसफाइकर्मी परिचालन गरिएको र त्यहाँबाट बाहिर लैजानका लागि अन्य व्यक्ति परिचालन भएका थिए।

सुन ल्याउनमा को सक्रिय थिए र कसले पठाएको भनेर खुली नसकेकाले अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ। बिहीबार दुबईबाट काठमाडौं आउने क्रममा हिमालय एयरको विमानभित्र सुनगाभा सप्लायर्स एण्ड सरसफाइ प्रालिमार्फत सरसफाइ गर्न खटिएका उनीहरु सुन भित्र्याउन परिचालन भएका थिए।

प्रमुख ढकालका अनुसार माबोले विमानको शौचालयभित्र फोहरसँगै रहेको सुनको बिस्कुट बाहिर फोहर जम्मा गर्ने स्थानमा ल्याउन सघाएका थिए। त्यसपछि उनले सँगै काम गर्ने तामाङलाई बोलाई फोहरसँगै रहेको सुनको बिस्कुट बाँडी आआफ्नो 'मनिपर्स' भित्र लुकाइ विमानस्थलबाट बाहिरिन लाग्दा प्रहरीले पक्राउ गरेको हो।

'उनीहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको फलामे गेट भएर बाहिर निस्कन लागेका थिए', ढकालले भने, 'सोही क्रममा उनी र साथमा रहेको सामग्री 'स्क्रिनिङ' गर्ने क्रममा माबोले बोकेको पर्सभित्र टेपले बेरिएको अवस्थामा १० थान सुनको बिस्कुट (तौल एक हजार १६६ ग्राम) बरामद गरिएको हो।'

उनका अनुसार उक्त सुनको मूल्य झण्डै ९८ लाख पर्ने जनाइएको छ। यस्तै तामाङले बोकी आएको मनिपर्सभित्र टेपले बेरिएको अवस्थामा पनि सोही तौल बराबरको १० थान सुनको बिस्कुट बरामद गरिएको छ।

उक्त सुन लुकाइछिपाइ अवैधरुपमा भन्सार छली लैजान लागेका अवस्थामा उनीहरुलाई नियन्त्रणमा लिइ सोधपुछ गर्दा उक्त कार्यमा उदयपुरका राई, दोलखाका थापा र विमान सरसफाइका सुपरभाइजर सप्तरीका चौधरी संलग्नता खुल्न आएपनि उनीहरुलाई पनि पक्राउ गरिएको हो।

उनीहरुलाई बरामद सुनसहित आवश्यक अनुसन्धान एवं कारबाहीका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय, गौचरमा बुझाइएको विमानस्थल सुरक्षा कार्यालयले जनाएको छ।

# २३ सञ्चारमाध्यमलाई कारबाही




**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले दुष्प्रचारयुक्त तथा घृणास्पद अभिव्यक्तिलाई स्थान नदिन अपिल गरेको छ। काउन्सिलले शुक्रबार अपिल जारी गर्दै कुनै दल वा उम्मेद्वार विशेषको प्रचार-प्रसारलाई अतिरञ्जना नगर्न/नगराउन हुन सञ्चार माध्यम, आम पत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जालका प्रयोगकर्ताहरुलाई अपलि गरेको हो।

पछिल्लो समयमा राजनीतिक दल तथा उम्मेद्वारका बारेमा आधारहीन, अप्रमाणित तथ्यहरूलाई लिएर विभिन्न टिकाटिप्पणी, आरोप/प्रत्यारोप, दुष्प्रचार हुने, चरित्र हत्या हुने किसिमले सामग्री सम्प्रेषणका घटनाहरु बढिरहेका छन् भने कुनै राजनीतिक दलका नेताहरुले अर्को राजनीतिक दल तथा दलका नेताहरुविरुद्ध द्वेषपूर्ण अभिव्यक्ति दिने गरेको र सोलाई समेत प्राथमिकता दिइ सञ्चार माध्यमहरुबाट सम्प्रेषण भएको स्वअनुगमनबाट देखिएको छ, काउन्सिलका उपप्रशासकीय अधिकृत एवं सूचना अधिकारी रामशरण बोहराबाट हस्ताक्षरित अपिलमा भनिएको छ।

त्यस्ता सामग्री सम्प्रेषण गर्ने १६ सञ्चार माध्यमलाई स्पष्टीकरण माग गरिएको, ४ वटालाई निर्देशन दिइएको, २ वटालाई ध्यानाकर्षण गराइएको र दर्ता नभएको १ वेबपोर्टललाई नेपालभित्र सम्प्रेषण नहुने गरि कारबाही गरिएको समेत काउन्सिलले जनाएको छ। पत्रकार तथा आमसञ्चार माध्यमबाट पत्रकार आचारसंहिता लगायत निर्वाचन आचारसंहिता पालना भए/नभएको विषयमा प्रेस काउन्सिलले विशेष अनुगमन गरिरहेको छ।

विशेष अनुगमन प्रारम्भ भएयता कतिपय सञ्चार माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको प्रतिष्ठामा आँच पुऱ्याउने, चरित्र हत्या हुने गरि अतिरञ्जित एवं दुरासययुक्त सामग्री सम्प्रेषण भएको निष्कर्ष काउन्सिलको छ। काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतले केही दिन अघि चुनावका बेला गलत समाचार उत्पादन गर्ने कारखानै चल्न सक्ने खतरा औंल्याउँदै त्यस्ता भ्रमपूर्ण सामग्रीबाट बच्न र समाचारको स्वतन्त्र पुष्टी गरेर मात्र सम्प्रेषण गर्न सार्वजनिक अपिल गरेका थिए।

# दक्षिण अफ्रिकाका बाढी पीडितलाई नेपालको सहयोग

**काठमाडौं/मस–** नेपालले दक्षिणअफ्रिकाका बाढीपीडितलाई राहत सामग्री प्रदान गरेको छ। दक्षिणअफ्रिकाको राजधानी प्रिटोरियास्थित नेपाली राजदूतावासमा शुक्रबार आयोजित एक संक्षिप्त समारोहमा कार्यवाहक राजदूत ज्ञानबहादुर मगरले त्यहाँको सामाजिक विकास विभागका उपनिर्देशक क्याथी माटामेलालाई राहत सामग्री हस्तान्तरण गरेका हुन्।

शुक्रबार प्रदान राहत सामग्रीमा चामल, पिउनेपानी, कम्बल, खाना पकाउने तेल, दूध, जुसलगायत दैनिक उपभोग्य वस्तु रहेका प्रिटोरियास्थित उक्त दूतावासले जनाएको छ। गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् दक्षिणअफ्रिकाले त्यहाँको मुद्रा १० हजार र दूतावासका कर्मचारीले पनि आर्थिक सहयोग गरेका छन्। उपनिर्देशक मातामेलाले दूतावास र नेपाली समुदायलाई विपद्पीडितका निम्ति आधारभूत आवश्यकता पूरा गर्न समयमै मानवीय सहायता प्रदान गरेकामा धन्यवाद ज्ञापन गरेका थिए। दक्षिणअफ्रिका गणतन्त्रको क्वाजुलु-नाताल, पूर्वी केप र उत्तर पश्चिम प्रान्तमा हालै आएको बाढीमा परी तीनसयभन्दा बढीको मृत्यु हुनाका साथै करोडौंको भौतिक क्षति भएको थियो। नेपालका भूकम्पपीडितलाई २०७२ मा दक्षिणअफ्रिकाको अन्तर्राष्ट्रिय सम्बन्ध तथा सहयोग विभागका अधिकारी तथा कर्मचारी, परोपकारी संस्थाले पनि सहयोग गरेका थिए।

# चुनाव प्रचारप्रसारका लागि उम्मेद्वारको दौडधुप

**अर्जुन बिस्ट/मध्यान्ह**
रुकुम पश्चिम, १६ वैशाख



स्थानीय तहको निर्वाचन नजिकिएसँगै यहाँको चुनावी माहोल तातिएको छ। यहाँका मुख्य राजनीतिक दलले अहिले टोलदेखि वडा र वडादेखि नगर गाँउ भेला, संगठन विस्तार, समिति गठनलाई तिव्रता दिइरहेका छन् । दैनिक जस्तो भेला तथा समिति गठनले गर्दा यहाँका राजनीतिक दलका नेता कार्यकर्तालाई अहिले उम्मेद्वारसहित प्रचारप्रसारमा भ्याईनभ्याई छ।

जिल्लामा १० वटा राजनीतिक दलले उम्मेद्वारी मनोनयन गराएपनि मुख्य गरी नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा एकीकृत समाजवादी र राप्रपा नेपाल लगायतका दलले आ-आफ्नो राजनीतिक संगठन निर्माण, विस्तार र समिति गठन गरिरहेका छन्।

स्थानीय तहमा पाँच दलीय गठबन्धन गर्ने भनिएपनि रुकुम पश्चिममा भने आ-आफ्नै पार्टीबाट उम्मेद्वारहरु चुनावमा होमिएका छन् । कतै एमाले, कांग्रेस, कतै माओवादी, समाजवादीले गठबन्धन बनाएका छन्। चुनाव नजिकिएपछि अहिले दलका नेता कायकर्ता आ-आफ्नो वडामै देखा परिरहेका छन्।

चिया पसलदेखि विभिन्न नेता कायकर्ताको घरमा दिनँहु जस्तो भीड लाग्ने गरेको छ। पार्टी कार्यालय देखि टाढाको स्थानहरुमा पार्टी सम्पर्क कार्यालय खोल्ने, घरघरमा भोट माग्न जाने लगायतका कामहरु दिनहुँ भैरहेका छन्। यसपटको स्थानीय तहको निर्वाचनमा अधिकांश युवा उम्मेद्वारहरु चुनावमा होमिएका छन्। अहिले यहाँका दलहरु चुनाव लक्षित कार्यकर्ता भेला तथा वडा भेला र जनभेटघाट गरिरहेका छन्।

कृषि लक्षित रोजगार मुलक प्रतिवद्धता लिएर जनताको घरदैलोमा भेटघाटलाई तिव्रता दिइएको माओवादीबाट आठबिसकोट नगरपालिका मेयरका उम्मेदवार रवि केसीले मध्यान्हलाई बताए। पार्टीले युवालाई जिम्मेवारी प्रदान गरेकोले थप जिम्मेवार भएर आफु लागिरहेको उनको भनाइ छ।

त्यस्तै नेपाली कांग्रेस, एमाले र एकिकृत समाजवादीले पनि चुनावी प्रचारलाई तीव्र पारेका छन्। नेपाली कांग्रेसबाट आठबिसकोटको मेयरमा उम्मेदवारी दिएका धिरेन्द्र कुमार बटाला जनभेटघाटमार्फत जनताको अपेक्षा बुझिरहेको र गाउँस्तरबाटै सबै क्षेत्रमा पार्टीको संगठन निर्माण, भेला गर्दै जाने बताउँछन्।

तीन नगरपालिका र तीन वटा गाउँपालिका रहेको रुकुम पश्चिममा नगर प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यसहित एक हजार एक सय पाँच जनाले उम्मेद्वारी दिएका छन्।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७८/०१/१७

यस कम्पनीको मिति २०७८/१२/२६ मा सम्पन्न एकल शेयरधनीको निर्णय बमोजिम साबिक कम्पनी **ट्रेक दि अन्नपुर्ण प्रा.लि. (प्रा.लि. नं. १४१८३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०१/११ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ट्रेक होपर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७८/०१/१७

यस कम्पनीको मिति २०७८/०५/२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनी **रामलिला प्रिन्टिङ्ग प्रेस प्रा.लि. (प्रा.लि. नं. २०४९४८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/१८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **गुडलक रियल इस्टेट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।


**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०७९/०१/१७)**

यस कार्यालयबाट मिति : २०७८/१२/०७ मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित तपशिलमा उल्लेखित खरिद नं. र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र कार्यालयमा दर्ता भएको बोलपत्रको बोलपत्रदाताको बोलपत्र न्यूनतम, मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिएकाले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७(सात) दिने सूचना जारी गरिएको छ।

**तपशिल**

| खरिद नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रकम भ्याट सहित |
|---|---|---|---|
| BANKE/KOMUN/W/NCB-09/2078/079 | Purba Paschim Rajmarga Krishi Haat Bazar Uttar Shristi Auto Parts Bata CTEVT ko Karyalaya Samma jane Bato Kalopatre. Kohalpur-02, Banke. | Suvh Ashirvad Construction & Suppliers Kohalpur, Banke | Rs. 15,16,408.33 |
| BANKE/KOMUN/W/NCB-10/2078/079 | Lakhana Chowk Dekhi Dakshin jane Bato Blacktop. Kohalpur-07, Banke. | Khusi Builders Baijanath-05, Banke | Rs. 18,85,157.56 |
| BANKE/KOMUN/W/NCB-11/2078/079 | Bhawanipur Road Blacktop. Kohalpur-09, Banke. | Khusi Builders Baijanath-05, Banke | Rs. 15,63,997.60 |
| BANKE/KOMUN/W/NCB-12/2078/079 | Kohalpur Ring Road Construction Work. Kohalpur-13, Banke. | D.N.Construction Kohalpur-11, Banke | Rs. 26,83,550.00 |
| BANKE/KOMUN/W/NCB-13/2078/079 | Bakhra ko Khor Nirman (Badi tatha Gandarbha Samudaya ko Aaya Arjan Karyakram), Kohalpur Ward no 1-15, Banke. | M.B. & Thapa Construction Kohalpur-11, Banke | Rs. 36,55,812.69 |

**प्रमुख प्रशासकीय अधिकृत**

# आलमको मुद्दा 'हेर्दाहेर्दै'मा



**काठमाडौं/मस–** सर्वोच्च अदालतमा नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री मोहम्मद अफताव आलमको बन्दी प्रत्यक्षीकरणको मुद्दामा आज सुनुवाइ हुँदाहुँदै समय अभावका कारण 'हेर्दाहेर्दै' मा राखिएको छ।

न्यायाधीशद्वय सुष्मालता माथेमा र नहकुल सुवेदीको संयुक्त इजलासमा सुनुवाइ भए पनि नसकिएपछि हेर्दाहेर्दैमा अर्को शुक्रबारका लागि राखिएको सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले जानकारी दिए। नेता आलमलाई २०६४ साल चैत २७ मा भएको संविधानसभा निर्वाचनका क्रममा बम विस्फोट हुँदा घाइतेलाई इँटाभट्टामा जलाएर मारेको र विस्फोटक पदार्थ बमसमेतको प्रयोग गरी ज्यान मार्ने उद्योगको मुद्दा रहेको छ।

यसअघि जिल्ला अदालत रौतहटले आलमलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश गरेको थियो। जिल्लाको आदेशलाई उच्च अदालत जनकपुरको वीरगञ्ज इजलासले समेत सदर गरेपछि आलम थुनामुक्त गराउन माग राख्दै सर्वोच्च पुगेका थिए।




## कथा

# चुनाव

मैले भने दिदीलाई, "अहिले हामी कसको शासनमा छौं ?" दिदीले उत्तर दिनुभयो, " सरकारको ।" मैले फेरि थपेँ, "सरकार कसले बनाउँछ ?" दिदीले भनिन्, "हामीले ।" मैले फेरि थपे, "त्यसो भए हामी सबैले भोट दिनुपर्छ ।" दिदीले के बुजीन र हा हा गरेर हाँस्न थालिन् ।



■ इन्दिरा खड्का

आइतबारको दिन छिटो छिटो काम सकेर मझेरीमा कुर्सीमा बसेर हातमा दैनिक पत्रिका लिएँ । गेट खोलेको आवाज आयो हातमा लामा-लामा रबर बेण्डले बाँधेका पोष्टर लिएर श्रीमान् भित्रिनुभयो । मेरो छेउमा कुर्सी घिसार्दै बस्नु भयो । टेबलमाथि पोष्टर खोलेर मलाई देखाएर भन्नु हुँदै थियो, "यसपालि भोट यसमा हाल्नु पर्छ" ।

श्रीमान्को कुरा सुन्ने साथ मलाई टुप्पीबाट धुँवा छुट्यो मैले भने, "हेर्नुहोस् भोट कसलाई दिने कसलाई नदिने त्यो आफनो आफ्नो कुरा हो तपाइँले चुनेको प्रार्थीलाई म नदिन सक्छु ।" म अरको प्रार्थीलाई कसरी दिन सक्छु भनेर जर्क जर्किएँ । उहाँ छेउबाट जुरूक्क उठेर हिँड्नु भयो । पल्ला घरकि रमा टुप्लुक्क आइपुगिन् ।

"रमा बस् आज कहाँबाट हाम्रो घरको बाटो देखेऊ ?" उनले तुरून्तै भनिन्, "त्यसो नभन्नु दिदी आउनत मन लाग्छ तर, के गर्नु समय मिल्दैन अहिले काम गर्ने केटी पनि छैन । पठाइ दिए अब राख्थिन होला ।"

मैले छक्क पर्दै सोधेँ, "किन ? उ भन्न थालिन् अरूको घरको सुनेर मलाई केटी राख्न डर लाग्नथाल्यो ।"

मैले चासो लिएर सोधेँ, "कसको घरमा के भयो र ?" उनले फेरि थपिन्, "मलाई भनै डरलाग्छ दिदी ।" मैले आश्वासन दिँदै भने, "केही डरमान्नु पर्दैन म कसैलाई पनि भन्दिनँ ।"

"दिदी कसैलाई पनि नभन्नु ल !" भन्दै रमाले कुरा भन्न सुरू गरिन ।

"हिजो हाम्रो घरमा रामबहादुर दाई आउनु भाको थियो । श्रीमान् र रामबहादुर दाई बसेर गन्थन गरिरहेको बेलामा चिया लिएर म कोठाभित्र पसेँ । के कुरा हो भनेर कान तिखो पारेर अलिकति सुनेपछि मलाई चाख लाग्यो । अनि पर्दा पछि छलिएर सुनेँ ।" मैले चासो लिएर सोधेँ, "के सुनेउ छिटो-छिटो भन । अहिले श्रीमान् आईपुग्नु भयो भने अर्काको कुरा गरेको मन पराउनुहुन्न ।"

"के भनेनी दिदी उनीहरू दुइजनाको ठाक-ठुक लागि रहँदो रैछ । अनि दाजु भन्दै हुनुहुन्थ्यो "नोकरी गर्ने केटी बिहे नगर्नु पर्ने रैछ । केटी हैन नोकरीलाई बिहे गरेजस्तो हुँदो रहेछ । नोकरी बचाउनको लागि कामगर्ने केटी राख्नु पऱ्यो । काम गर्ने केटीलाई हिजो आज एक्लै छोड्न पनि डर ! अरू त के आफ्नै श्रीमान्को पनि पो डर गर्दा उस्लाई साथीको लागि अर्कि एउटी राख्नु पर्छ । अनि एउटीको कपड़ा फाटेर किन्न जाँदा अर्की रिसाउछे । उस्लाई पनि किन्नु पर्छ बरण्डामा ग्रिल् छैन् भने ग्रिल लगाउनु पऱ्यो । किनभने आफु घरमा नभएका बेलामा बाहिरका ठिट्ने केटाहरू आएर आँखा झिमकाई दिन्छन् भन्ने डर । कोठोसानो भयो अर्को ठुलो कोठो एउटा बना, नोकरी गर्ने श्रीमतीले गर्दा मेरो लगभग एक लाख खर्च भयो भाइ के गर्नु त्यहिमाथि घरखर्ज दिन दिनै बढ्छ । दुईटी केटीलाई तनखा गर्दा गर्दै महिना चल्नै



> मलाई बज्र परे झैं भयो । अब दिदी गएपछि मेरो हातै भाचिन्छ । भोलि बिहानै जानु पर्ने घर कस्ले समाल्ने ? श्रीमान्लाई खाजा, छोरा छोरीलाई नुवाई-धुवाई दिउसोको खाना ? घर कस्ले हेर्ने ? अब म दिदीलाई सम्झाउनु पऱ्यो । "दिदी, भोट दिन जाने कसलाई ?" दिदी भन्दै थिइन्, "खै म त जान्दिनँ लेखा-पढा पनि छैन् ।" त्यतिबेला मलाई अलिकति शाहस आयो, "हो त ! दिदी लेखा पढा नजान्दा सारो पर्छ । लेखे, पढेका मानिसले मात्रै जान्दछन् ।

सारो पर्छ ।" भनेर गफगर्दै हुनुहुन्थ्यो, त्यतिबेलै छोरो उठेर मलाई खोज्दै आएकाले गर्दा म उठेरभित्र गएँ । दिदी पछिको कुरा सुन्नै पाइन् छोराले गर्दा ।"

"ए होर ? रमा यस्तो पनि हुदो रहेछ नि ! मैले त सोचेकै थिइनँ । तिमीले ठिके गरिछेउ केटी नराखेर । म पनि अब नराख्नु पऱ्यो ।"

"जसो पर्ला पर्ला दिदी म जान्छु है ।"

मैले भने, "एकछिन् बस्न चिया पिएर जाउ, चियापिएर ।" तर, रमा घरतिर लागिन म पनि किताब अब पढ्नु पऱ्यो भनेर सोच्दै थिएँ । काम गर्ने दिदी छेउमा आएर भन्न थालिन् "चुनाव आयो ? कहिले हो चुनाव अगि मालिक भन्दै हुनुहुन्थ्यो भोट दिनु पर्छ भनेर । किन दिनु पर्छ भोट ?"

मैले भने दिदीलाई, "अहिले हामी कसको शासनमा छौं ?" दिदीले उत्तर दिनुभयो, " सरकारको ।" मैले फेरि थपेँ, "सरकार कसले बनाउँछ ?" दिदीले भनिन्, "हामीले ।" मैले फेरि थपे, "त्यसो भए हामी सबैले भोट दिनुपर्छ ।" दिदीले के बुजीन र हा हा गरेर हाँस्न थालिन् ।

बाहिर को आयो दिदी भन्दै म आफनो कोठाभित्र पसे । भोली चुनाव छ । केशमा कालो लगाउनु पर्यो अनि मुखमा पनि अलि अलि लीप पोत गर्दा गर्दै दुइ घण्टा बितेछ । कोठाबाट बाहिर निस्किदा दिदी राम्री भएर बिदा माग्न कुरि रहेकि रैछिन । अगि आएका मानिस दिदीलाई चुनावको लागि लिन पो आएका रैछन् । मत छाँगोबाट खसे झैँ भएँ । मलाई देख्ने साथ दिदीको गाउँबाट आएका मानिसले भन्न थाले, "हाम्रो समस्टीको प्राथीले भन्नुभाको भोट दिनेजति सबैलाई एउटा एउटा कम्बल र मछरदानी दिने र दिदीलाई पनि भोटदिन लाने ।"

मलाई बज्र परे झैं भयो । अब दिदी गएपछि मेरो हातै भाचिन्छ । भोलि बिहानै जानु पर्ने घर कस्ले समाल्ने ? श्रीमान्लाई खाजा, छोरा छोरीलाई नुवाई-धुवाई दिउसोको खाना ? घर कस्ले हेर्ने ? अब म दिदीलाई सम्झाउनु पऱ्यो । "दिदी, भोट दिन जाने कसलाई ?"

दिदी भन्दै थिइन्, "खै म त जान्दिनँ लेखा-पढा पनि छैन् ।" त्यतिबेला मलाई अलिकति शाहस आयो, "हो त ! दिदी लेखा पढा नजान्दा सारो पर्छ । लेखे, पढेका मानिसले मात्रै जान्दछन् । कुन प्रार्थीलाई भोट दिँदा हाम्रो देशको उन्नति हुन्छ भन्ने कुरा बुझेर भोटदिनु पर्छ । गल्ति भयो भने हाम्रो देश उन्नति हुँदैन । बाटो, पुलहरू बनिँदैन अनि हाम्रा पढे, लेखेका छोरा-छोरीहरूले नोकरी पाउँदैनन् । दिदी भोट चैं बुझेर दिनु ।"

दिदी एकछिन् सोँचमा परिन् । "दिदी के भयो ? के सोचेकि ?"

दिदी, "म भोट दिन जान्न भन्न थालिन् ।" मैले फेरि सोधेँ, "किन नजाने ?" उनले भनिन् "भरे गल्ती भयो भने, हाम्रो देशमा उन्नति हुँदैन भन्ने डरलाग्यो ।" म भित्रभित्रै खुसी भएँ । मेरो बुद्धि काम लाग्यो भोलि म दिनभरिको लागि फ्री भएँ ।

*-आसाम, भारत*

## लघुकथा

मनीषा दाहाल



# सिद्धान्त

तृष्णाको कुरो सुनेर उसका आमा बाबु दुबै उसको छेउ पुग्छन् । "के भनेकी तृषु तैंले ? त्रिदीप तेरो दाजु हो बाबु ! यस्तो जघन्य आरोप किन लगाइस् यसमाथि ?" बाबुले कुरो के हो बुझ्न नसकेर तृष्णालाई सोधे । आमाले पनि यो कुरो कसै गरी साँचो हुन सक्दैन भनिन् । तब तृष्णाले आफ्नो पक्ष राख्दै भन्छे, "आमा हिजो तपाईंले नै भन्नु भएको थियो सही तथ्य दिन सक्दा समाधानको सच्चाइ प्रमाणित हुन्छ ।"

साँझ पर्दै गएपछि तृष्णाको मुटुको ढुकढुकी पनि बढ्दै जान्छ । मनभित्र त्रासको बवण्डर मचिन थाल्छ । सुनाओस् त कसलाई सुनाओस् ? भनोस् भने कसलाई भनोस् ? उसको कुरा कसले पत्याउने र ? जुन कुरा अरूले सोच्नसम्म सक्दैन, त्यो कुराको साक्षी भईरहेकी छ उ । साक्षी पनि कहाँ ? भुक्तभोगी बनेकी छ ! हुन त धेरै चोटी आमालाई सुनाउने चेष्टा गरी उसले । तर, आँट पुऱ्याउन सकिन । उसको मन मस्तिष्कमा भने तिनै कुराहरूले घमासान युद्ध गरिरहेका हुन्छन् । बाहिर प्रकाश गर्ने साहस बटुल्न सकेकी छैन उसले । कसरी भनोस् कसैलाई प्रत्येक रात उ आफ्नै दाजु त्रिदीपबाट चुसिँदै आएकी छ भनेर !

यो साँचो हो, पहिला पहिला तृष्णा सानी छँदा त्रिदीपले माया गर्छु भनि उसका प्रत्येक अंगमा हात पुऱ्याउँदा उसलाई खुसी लाग्थ्यो । उसको निष्पाप मनले दाजुको मायालाई माया नै सम्झि रहेको थियो । तर उ ठूली हुँदै जाँदा उसले आफ्ना विषेश अङ्गहरू चिन्दै गइ र त्यी अङ्ग विशेषमा केवल उसको अधिकार भएको कुरा पनि बुझ्दै गइ ।

जबदेखि तृष्णाले दाजुको स्पर्शमा माया हैन बासनाको गन्ध पाउन थाली उसलाई रोक्ने भरसक प्रयास गरि । तर, विकृत मानिसकताले पोतिएर हवसको गहिरो खाडीमा धसिएको मान्छेलाई रोक्नु त्यति सजिलो हुँदो रहेनछ । तृष्णाको विरोधलाई कसिला हत्केलाले निमोठेर रातभरि उसको शरीरमाथि साप सलबलाए झै सलबलाउछ उसको दाजु । भोकाएको स्यालले काँचो मासु लुछे जसरी लुच्छ उसलाई । कहिले



काँही अतिष्ठ भएर आमासँग गएर सुत्छे तृष्णा ज्यू जोगाउन । तर, उनीहरू दाजु बैनीलाई पढ्ने सुविधाको लागि छुट्टै कोठो दिएको हुनाले सँधै त्यसो गर्न सक्दिन । आफ्नो दुर्दशाको कुरा खोलेर कसैसँग भन्न नसक्नु नै उसको निम्ति ठूलो पिर भएको छ ।

"अहँ अब खप्न सक्दिनँ म ! मैले केही ठोस कदम चाल्नु नै पर्छ । नभए जीवनभरि मेरो साथै आमा-पिताले पनि पश्चताप र ग्लानिको आगोमा झुल्सि रहनुपर्छ ।" बेलुकी भान्सा खान बस्दा तृष्णाले मन मनै एउटा सिद्धान्त लिन्छे । उसको अनुहारमा देखा परेका असामान्य गतिविधि लक्ष्य गरेर आमाले प्रश्न गरिन, "तृषु खुरूखुरू खाना नखाएर के सोची रहेकी छस तँ ? परीक्षा नजिक आइ पुग्यो भन्या होइन ? छिटो खाएर पढ्न जा ।"

"हो आमा । परीक्षाको समय हुनाले नै असमञ्जसमा छु । एउटा जटिल प्रश्नको उत्तर खोजी रहेकी छु । मैले निकालेको समाधान सही हुने हो कि होइन ?" तृष्णाले मुन्टो नउठाइ भनी । त्रिदीपले पुलुक्क तृष्णा तिर हेर्छ ।

"यदि सही युक्ति र तथ्य दर्शाएर समाधान अघि सारेको छ भने भूल हुने कुरै पो कहाँ आउँछ र ? मात्र आफ्नो आत्मविश्वासमा कमी आउन दिनु हुँदैन ।" आमाको यस्तो प्रेरणादायी वाक्यले तृष्णाको सिद्धान्तलाई अझ बल दियो ।

राति भान्सा गरि सकेर आफ्नो कोठामा पस्न लाग्दा उसका पाइला केही अल्मलिन्छन । तर भान्सा टेबुलमा आमाले भनेको कुरा सम्झेर उसले आफैँलाई साहस दिन्छे, "म जान्दछु मेरो यो सिद्धान्तले आमा-पिताको मनमा गहिरो घाउ लगाउने छ । उहाँहरूले शायद मलाई कहिल्यै क्षमा गर्न सक्नु हुने छैन । तर पनि मैले यो कदम उठाउनै पर्छ । उहाँहरूको साथै समाजको पनि भलाई यसमै छ ।" एउटा अत्यन्त जटिल तथा दृढ संकल्प छातीमा बाँधेर तृष्णा कोठाभित्र पस्छे ।

भोलि पल्ट बिहान निकै अबेरसम्म तृष्णा र त्रिदीपको चालचुल नदेख्दा आमाले उनीहरूको कोठाको ढोका उघार्छिन । त्रिदीप आफ्नो ओछ्यानमा लमतन्न सुतिरहेको हुन्छे । तृष्णा कोठामा हुन्न । आमाले एक एक गरी घरका सबै कुना खोज्छिन् । तृष्णा कतै छैन ! कुनै साथी कहाँ पो गइछ कि भनेर फोन गर्न भनि मोबाइल हातमा लिँदा लिँदै दैलाको घण्टी बज्छ । आमा गएर दैलोमा पुग्न साथ साथै पुलिस अधिकारी एकजना र दुई सिपाहीसँग तृष्णा घरभित्र पस्छे र त्रिदीप सुते ठाउँमा लैजान्छे ।

"सर यही हो त्रिदीप । दाजु-बैनीको सम्बन्धमा कालो पोत्ने नरपिशाच । जसले आजसम्म मलाई नङ्ग्याएर मेरो अस्मितामा दाग लगाउँदै आएको छ । मेरो अनुरोध यसले उचित दण्ड पाओस् । अनि समाजले यस्ता लम्पट धर्षणकारीबाट मुक्ति !"

तृष्णाको कुरो सुनेर उसका आमा बाबु दुबै उसको छेउ पुग्छन् । "के भनेकी तृषु तैंले ? त्रिदीप तेरो दाजु हो बाबु ! यस्तो जघन्य आरोप किन लगाइस् यसमाथि ?" बाबुले कुरो के हो बुझ्न नसकेर तृष्णालाई सोधे । आमाले पनि यो कुरो कसै गरी साँचो हुन सक्दैन भनिन् । तब तृष्णाले आफ्नो पक्ष राख्दै भन्छे, "आमा हिजो तपाईंले नै भन्नु भएको थियो सही तथ्य दिन सक्दा समाधानको सच्चाइ प्रमाणित हुन्छ भनेर । मैले आज राती मसँग जे भयो अर्थात् आजसम्म जे हुँदै आएको थियो त्यसको सठीक प्रमाण फेला पारेकी छु" भन्दै गएको रातमा उसले रेकर्ड गरेको सम्पूर्ण भिडियो चलाएर देखाउछे ।

जसको एकप्रति अघि नै उसले पुलिसलाई जिम्मा लगाइ सकेकी छे । भिडियोमा त्रिदीपको असल चरित्र देखेपछि बाबु आमाले पनि तृष्णाको सिद्धान्तलाई समर्थन गर्दै छोरालाई पुलिसको हातमा सुम्पेर उसलाई उसको कर्मको समुचित दण्ड दिन आग्रह गर्छन् ।

## कविता

### चुनाव एक स्वप्न महल



लेखराज रेग्मी

जब स्वेरकल्पनामा मैले
ठुलै बाघ पल्टाएर
जुँगा उखेल्दै गरेको
मलाई देखिरहेको हुन्छु
तिमी मलाई झस्काएर ब्यूँताउने नगर
त्यो स्वप्निल आनन्द नखोस् ।

हो मौसम चुनावको छ, थाहा छ
भोट जनतासँग छ, थाहा छ
पसिनाजस्तै किनबेच हुन्छ, थाहा छ
डर पसेकाहरु पछि लागेर आउछन्
धन बोकेर भेटी चढाउँछन्, थाहा छ ।

